**विषय नेपाली (CODE – 024)**
**कक्षा – (X)**
**2024-25**
**अंक योजना (Marking Scheme)**

निर्धारित समय – 3 घण्टा                                                                 अधिक्तम अंक – 80

| **खण्ड 1**<br>**बहुवैकल्पिक प्रश्नहरू** | | |
|---|---|---|
| **1.** | **निम्नलिखित अनुच्छेद पढेर सोधिएका प्रश्नका उत्तर लेख्नुहोस्।** | |
| **i.** | A.विमलादेवी गिरी। | **1** |
| **ii.** | B.दार्जीलिङको चाँदमारीमा। | **1** |
| **iii.** | C.नौलाखे तारा उदाये (गीत) | **1** |
| **iv.** | D.गिरीका सबै कृतिहरू दुर्लभ पर्न थालेपछि। | **1** |
| **v.** | B.खण्डकाव्य र कवितासङ्ग्रह। | **1** |
| **2.** | **निम्नलिखित कवितांश पढेर सोधिएका प्रश्नहरूको सही विकल्प लेख्नुहोस्।** | |
| **i.** | A.'तिमी'को | **1** |
| **ii.** | C. बाँच्ने आशामा। | **1** |
| **iii.** | A.निष्काम भएर। | **1** |
| **iv.** | D.अपाङ्ग, रोगी, गरीब भएको छ। | **1** |
| **v.** | B.समाधान। | **1** |
| **3.** | **निम्नलिखित बहुवैकल्पिक प्रश्नहरूका सही विकल्प लेख्नुहोस्।** | |
| **i.** | D.बहुब्रीहि समास। | **1** |
| **ii.** | A. द्वन्द्व समास। | **1** |
| **iii.** | C. अधिकारण कारक। | **1** |
| **iv.** | B. ए...! | **1** |
| **v.** | A. अनुचित । | **1** |
| **vi.** | D. सानोभन्दा सानो। | **1** |
| **vii.** | C.समोच्चारित शब्द। | **1** |
| **viii.** | B. अनुपम। | **1** |
| **ix.** | D.व्याख्यान, निधारमा लगाइने चिह्न, विजयादशमी। | **1** |
| **x.** | B.विग्रह। | **1** |

| | | |
|---|---|---|
| | **खण्ड 2**<br>**वर्णनात्मक प्रश्न** | |
| **4.** | **निम्न प्रश्नहरूका उत्तर लेख्नुहोस्।** | |
| **i** | काम भएको अर्थ बुझाउने वाक्यलाई करण वाक्य भनिन्छ। ..................। | **2** |
| **ii** | तलका वाक्यलाई निर्देशअनुसार परिवर्तन गर्नुहोस्।<br>**क)** त्यो धनी मान्छे लोभी छ।<br>**ख)** जसले पढ़ेको छ, त्यसको जहाँ पनि कदर हुन्छ। | **2** |
| **iii** | क.हरि रीसले आगो भयो।<br>ख.श्यामका बाबै डाँड़ाका घाम भइसकेका छन्। | **2** |
| **5.** | **निम्न प्रश्नहरूका उत्तर लेख्नुहोस्।** | |
| **i.** | चामे, गौँथली। | **2** |
| **ii.** | दर्के पानी परिरहेको बेला गाईलाई ओताउनको निम्ति लगाएको टिनको छाना मिलाउँदा भिजेको लुगा घरमा आएर तिनीहरूले फाटेको र पुरानो लुगा फेरेपछि उनीहरू माग्नेको भूमिकामा खेल्ने पात्र जस्तो देखिएका थिए।<br>**वा**<br>संसारमा दानवताको उत्पत्ति सोझाहरूकै कारणले गर्दा हुन्छ। सोझाहरूको सीधापन, लठ्याङ्ङ्ग्रो व्यवहार, छक्का पञ्जाको अज्ञानता आदिका कारण मानिसहरूमा दानवताको भावना जागृत हुन्छ। त्यसैले हामीले सोझा मानिसलाई समाजबाट सिध्याउन पाए दुर्जनको जन्म हुँदैन भनेर निबन्धकारले यसो भनेका हुन्। | **2** |
| **iii.** | आफूलाई अत्यन्त माया गर्ने प्रेमिका क्लोरिनाको मृत्यु भएका कारण फेरसको अनुहारमा उदासी र विरक्ति देखिएको थियो। | **2** |
| **iv.** | सुलोचनाले करूणालाई भनेको हो। | **2** |
| **v.** | चामे भर्खर जुँगाको रेखी बसेको, इष्टकोट र कछाड लगाएको, कालो कालो वर्णको मानिस थियो।<br>उ मिलनसार तर अलिक धेरै रिसाहा थियो। उ खेतीपाती गर्ने खेतीवाला र आफ्नो कमाइमा बाँच्ने निम्नआय भएको व्यक्ति हो। | **3** |
| **vi.** | हुरीले गाईगोठका च्यादरहरू उडायो, घर नै उड़ाउला जस्तो गऱ्यो, छाना चुहिएर पानी भित्रै पस्यो, बाहिर आँगनमा पहिरो गयो इत्यादि। | **3** |
| **6.** | **निम्न कुनै चार प्रश्नहरूका उत्तर लेख्नुहोस्।** | |
| **i.** | आजका मानिसहरू धन-सम्पत्ति तथा भौतिक सुख सविधामा मस्त भएर समय बिताउन रूचाउँछन्। कला, साहित्य, संस्कृति जस्ता कुराहरूतिर आजका मानिसहरूमा अलिकति पनि रूचि छैन। पैसा कमाउनु, ठूला | **3** |

| | | |
|---|---|---|
| | ठूला सुविधा सम्पन्न घर बनाउनु, छोराछोरीलाई बाहिर पढ्न पठाउनु, आफू तास,जुवा, जाँड़, रक्सीमा मस्त हुनु, अचाहिँदो कुरामा व्यस्त हुनु आजका मानिसहरूको रूचि रहेको कवितामा बताएका छन्। | |
| **ii.** | मानिसहरूको पाउ समाऊ, गरीब दुःखीहरूको दुःखमा मलम लगाऊ, अनि तिनीहरूको दुखित अनुहारलाई खुशी बनाऊ र मानवीय व्यवहार गर भनेका छन्। | **3** |
| **iii.** | मानिसहरूले नजीकका प्रतिभालाई चिन्न खोज्दैनन्। हामी टाड़ाका वस्तुलाई मात्र महत्त्व दिन्छौं तर हाम्रै वरिपरि रहेका प्रतिभाहरूलाई वास्ता गर्दैनौँ। | **3** |
| **iv.** | शहीदहरू देशको रक्षा गर्दागर्दै मृत्यु भएका हुन्। उनीहरूले निःश्वार्थ भावमा देशको सुरक्षा गरेका हुन्छन् र ती वीर सपुतको कठोर परिश्रमकै कारण हामी देशको विभिन्न भागमा खुशीसाथ बस्न पाएका छौँ। देश बनाउन कै निम्ति भोक र प्यासको वास्ता नगरी सीमानामा खटेका कारण हामीले सम्मान गर्नुपर्छ भनेर भनिएको हो। | **3** |
| **v.** | थोत्रो पाटी, सानो झोपड़ी, ओड़ार, भिक्षा मागेको सामान, अँध्यारो वन, साग र शिस्नु, फाटेको गुन्द्री, च्यतिएको मैला लुगा यदि मनमा तृष्णा छैन भने उज्यालो देख्छौँ। | **3** |
| **7.** | **निम्न प्रश्नहरूका उत्तर लेख्नुहोस्।** | |
| **i.** | बेलुकी रने ढुस्स फुलिएर बसेको बेला ढिकीच्याउँ आउँछ। त्यसकै बारेमा दुईजना गफ गर्दैगर्दा रनेले त्यसलाई मार्न जुत्ता टिप्छ त्यतिनै बेला सेतीले नमार नमार भनेकी हो। | **2** |
| **ii.** | तिम्रा बाबुले भाइ र तिम्रा लागि ब्याङ्कमा धेरै पैसा राखिदिएको छ भनेर ढाँटेको हुनाले लक्ष्मीले गल्ती गरेको महसुस गरेकी छे।<br>वा<br>कमलको दाज्यू श्यामको नारीप्रति हेर्ने दृष्टि राम्रो नभएको, उसको कै कुदृष्टिका कारण सोनामणिले इज्जत बचाउन आत्महत्या गरेका कारण उसले आफ्नो दाज्यूलाई मार्न खोजेकी हो। | **2** |
| **iii.** | लक्ष्मीको लोग्नेले क्यानाडामा नै अर्को घरजाम गरेर आफ्नो व्यापार व्यवसायीमा अल्झेका हुनाले उ फर्किएर आउन सकेको थिएन । | **3** |
| **iv.** | जुनीले सुरीलाई।<br>रातभरिको हावाले अन्तिम पात नझरेपछि भनेकी हो। | **3** |
| **8.** | **निम्नलिखित प्रश्नहरूमध्ये कुनै दुईवटा प्रश्नका उत्तर लेख्नुहोस्।** | |
| **i.** | दार्जीलिङको बालासन चियाबारीकमा सन् १९२९मा। | **2** |
| **ii.** | यी शब्दहरू यी हरफहरू, क्षर अक्षर। | **2** |

| | | |
|---|---|---|
| **iii.** | साहित्य अकादमी पुरस्कार, रत्नश्री स्वर्ण पदक। | **2** |
| **9.** | भूमिका-01<br>मुख्य विषय- 02<br>निष्कर्ष- 01<br>शब्द सीमा– 01 | **5** |
| **10.** | ठेगाना र तारीक- 01<br>सम्बोधन- 0.5<br>पत्रको मुख्य भाग- 02<br>निष्कर्ष- 0.5<br>खाममा लेख्नुपर्ने पाउनेको नाम र ठेगाना-01 | **5** |
| **11.** | निम्नलिखित वाक्यहरूलाई नेपालीमा अनुवाद गर्नुहोस्।<br>म पर्खिरहेको हुनेछु।<br>यो खबर सुनेर उ दुःखी भयो।<br>म हिजोदेखि तिम्रो चिट्ठी पर्खिरहेको छु।<br>तिनीहरू रेल आउनुभन्दा अघि नै स्टेसनमा पुगे। | **4** |